आज मिति २०७८ साल भाद्र ०९ गते बुधबारको दिन दिनको २:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ११० औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकरमान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री तुलसी बहादुर श्रेष्ठ | सचिव | |

**सचिवालय कर्मचारी :-**

१. श्री दिपक कुमार के.सी. (योजना, अनुगमन तथा प्रशासकीय अधिकृत)
२. श्री गणेश गुरुङ (लेखा अधिकृत)
३. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७८/०५/०८ गते नगर प्रमुखज्यूबाट मिति २०७८/०५/०९ गते नगर कार्यपालिकाको ११० औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

<table>
<tr><th>सि.नं.</th><th>विषय</th><th>निर्णय भएको व्यहोरा</th></tr>
<tr><td>१.</td><td>चाल्नाखेल आईसोलेसन सेन्टर सम्बन्धमा ।</td><td>• कोभिड - १९ महामारीको दोस्रो लहरमा संक्रमितको संख्या दिनानुदिन बढिरहेको र अस्पतालमा भर्ना गरी उपचार गर्नु पर्ने बिरामीहरुको समेत संख्या बढीरहेको सन्दर्भमा यस नगरपालिकाबाट कोरोना रोकथाम तथा नियन्त्रणका लागी चाल्नाखेल प्राथमिक स्वास्थ्य केन्द्रलाई ३० शैयाको (अक्सिजन सुविधा सहितको) आईसोलेसन सेन्टर स्थापना गरी २०७८ असार मसान्त सम्मको लागी सञ्चालनमा ल्याईएकोमा हालसम्म पनि कोभिड-१९ को असर निरन्तर रहि रहेको हुदाँ उक्त आईसोलेसन सेन्टरलाई २०७८ पुष मसान्त सम्मको लागी निरन्तरता दिने र उक्त आईसोलेसन सेन्टर सञ्चालनको लागी करारमा लिईएको मेडिकल अधिकृत - १ जना र स्टाफ नर्स - ३ जना जनशक्तिलाई समेत २०७८ पुष मसान्त सम्मको लागी निरन्तरता दिने ।</td></tr>
<tr><td>२.</td><td>विपद् व्यवस्थापन सम्बन्धी निर्णय अनुमोदन तथा स्वीकृती सम्बन्धमा ।</td><td>• मिति २०७८/०३/१८ गते नगर प्रमुखको अध्यक्षतामा बसेको नगर स्तरिय विपद् व्यवस्थापन समितिले गरेका निर्णयहरुलाई अनुमोदन गरी कार्यान्वयन गर्ने र उक्त बैठकको निर्णय नं. ७ बमोजिम गत आ.ब.०७७/०७८ मा नगरपालिका क्षेत्र भित्र विभिन्न प्रकोपको कारणले क्षति पुग्न गई राहत माग भई आएकोमा तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने ।<br><br><u>तपसिल</u>
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>स्थान</th><th>राहत रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>भाईलाल श्रेष्ठ</td><td>द.न.पा.६</td><td>रु.४५,०००।-</td><td>बालीनालि क्षति</td></tr>
<tr><td>२</td><td>श्यामकृष्ण बलामी, मंगलमान बलामी</td><td>द.न.पा.७</td><td>रु.३५,०००।-</td><td>बालीनालि क्षति</td></tr>
<tr><td>३</td><td>कृष्ण बहादुर श्रेष्ठ</td><td>द.न.पा.७</td><td>रु.४५,०००।-</td><td>बालीनालि क्षति</td></tr>
<tr><td>४</td><td>बुलाल श्रेष्ठ</td><td>द.न.पा.६</td><td>रु.४५,०००।-</td><td>घरको पहिरो नियन्त्रण</td></tr>
<tr><td>५</td><td>लक्ष्मी बलामी</td><td>द.न.पा.९</td><td>रु.४०,०००।-</td><td>घर क्षति</td></tr>
<tr><td>६</td><td>भगवान थापा मगर</td><td>द.न.पा.९</td><td>रु.४०,०००।-</td><td>स्वास्थ्य उपचार</td></tr>
<tr><td>७</td><td>धुव्र कुमार श्रेष्ठ</td><td>द.न.पा.४</td><td>रु.४०,०००।-</td><td>घर पहिरोले क्षति</td></tr>
</table>
• कला महिला कृषि सहकारी संस्थाले गरेको व्यवसायीक कुखुरा पालन रानीखेत रोगका कारण १७०० वटा कुखुरा मरेको भन्ने सम्बन्धीत वडा कार्यालयको सिफारिसको आधारमा विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी क्षतिपूर्ति बापत रकम रु.१,००,०००।- (एक लाख) उपलब्ध गराउने भन्ने १०९ औं बैठकबाट निर्णय भएकोमा मिति २०७८/०३/१८ गते बसेको नगर स्तरिय विपद् व्यवस्थापन समितिको सिफारिसमा थप रु.१,५०,०००।- गरी जम्मा रु.२,५०,०००।- राहत उपलब्ध गराउने ।</td></tr>
<tr><td>३.</td><td>आयोजनाको म्याद थप तथा भुक्तानी सम्बन्धमा ।</td><td>• चालु आ.ब.मा सञ्चालनमा रहेका संघ, प्रदेश र नगरपालिकाबाट स्वीकृत आयोजनाहरु कोभिड - १९ रोकथाम तथा नियन्त्रणका लागी हुन गएको निषेधाज्ञाको कारणबाट कार्यसम्पन्न हुन नसकेका आगामी आ.ब.को लागी स्रोत सुनिश्चित</td></tr>
</table>

भोला प्रसाद वापागाई
प्रमुख प्रशासकीय अधिकृत

<table>
<tr><td></td><td></td><td>भएका तपसिल बमोजिमका आयोजनाहरुको कार्यसम्पन्न गर्न देहाय बमोजिम म्याद थप गर्ने ।<br><br><u>तपसिल</u><br><br><table><tr><th>क्र.सं.</th><th>आयोजनाको नाम</th><th>आयोजनाको स्थान</th><th>स्रोत</th><th>म्याद थप अवधि</th></tr><tr><td>१</td><td>दक्षिणकाली बृहत खानेपानी आयोजना</td><td>द.न.पा.५</td><td>संघीय समपुरक</td><td>२०७८ कात्तिक मसान्त</td></tr><tr><td>२</td><td>डाँडीखेल मोटरबाटो निर्माण</td><td>द.न.पा.९</td><td>प्रदेश समपुरक</td><td>२०७८ कात्तिक मसान्त</td></tr><tr><td>३</td><td>दक्षिणकाली प्रवेशद्वार निर्माण</td><td>द.न.पा.१</td><td>द.न.पा.</td><td>२०७८ कात्तिक मसान्त</td></tr><tr><td>४</td><td>चाल्नाखेल-पावरहाउस-पाखाचोक सडक स्तरोन्नती</td><td>द.न.पा.२</td><td>सडक बोर्ड</td><td>२०७८ मंसीर मसान्त</td></tr><tr><td>५</td><td>निमिटोल-भुकुनडाँडा बाटो स्तरोन्नती</td><td>द.न.पा.७</td><td>सडक बोर्ड</td><td>२०७८ मंसीर मसान्त</td></tr><tr><td>६</td><td>फुटवेयर जोन</td><td>द.न.पा.७</td><td>उद्योग मन्त्रालय</td><td>२०७८ मंसीर मसान्त</td></tr></table></td></tr>
<tr><td>४.</td><td>औद्योगिक ग्रामको डि.पि.आर. सम्बन्धमा ।</td><td>• नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०२/१० गतेको निर्णयानुसार यस नगरपालिकाको वडा नं.७ मा औद्योगिक ग्राम विकासका लागी रु.९२,००,०००।- (बयान्नब्बे लाख रुपैयाँ) स्वीकृत भई निकासा प्राप्त भएकोमा नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं.२३६, मिति २०७८/०२/२० को पत्रबाट उक्त रकमबाट पूर्वाधार बाहेक अध्ययन, अनुसन्धान तथा प्रशासनीक/विविध खर्चमा रकम उपयोग गर्न नपाउने भनि लेखी आएको हुदाँ आगामी आ.ब.०७८/०७९ को वार्षिक नगर विकास योजनाको डि.पि.आर.शिर्षकबाट खर्च हुने गरी उक्त औद्योगिक ग्रामको डि.पि.आर.तयार गर्ने ।</td></tr>
<tr><td>५.</td><td>सहकारी दर्ता सम्बन्धमा ।</td><td>• यस कार्यपालिकाको मिति २०७८/०१/१३ को १०७ औं बैठकबाट यस नगरपालिकालाई कार्यक्षेत्र बनाई कार्य गर्ने नयाँ सहकारी दर्ता २०७८ बैशाख मसान्त सम्मको लागी खुल्ला गरिएकोमा कोभिड - १९ को दोस्रो भेरियन्ट रोकथाम तथा नियन्त्रणका लागी जारी भएको निषेधाज्ञाका कारण २०७८ असार मसान्त सम्म दर्ता हुन आएका तपसिल बमोजिमको सहकारीहरु दर्ता प्रक्रियामा लैजाने ।<br><br><u>तपसिल</u><br>१. सुम्नीमा कृषि सहकारी, द.न.पा.६, कोछुटोल<br>२. सम्पूर्ण कृषि सहकारी, द.न.पा.४, बाँसबारी<br>३. समता बहुउद्देश्यिय सहकारी, द.न.पा.५, फर्पिङ<br>४. समुन्नत बहुउद्देश्यिय सहकारी, द.न.पा.६, फर्पिङ<br>५. पञ्चल गणेश कृषि सहकारी, द.न.पा.६, थल्कुटोल<br>६. प्राकृतिक सद्भाव कृषि सहकारी संस्था लि., द.न.पा.३<br>७. निमढोका बहुउद्देश्यिय सहकारी संस्था लि., द.न.पा.५</td></tr>
<tr><td>६.</td><td>ढुङ्गा, गिट्टी, बालुवा, माटो र ग्राभेल संकलन तथा बिक्री शुल्क आ.ब.०७८/०७९ को ठेक्का</td><td>• यस नगरपालिकाको मिति २०७८/०२/२५ गते नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित यस दक्षिणकाली नगर क्षेत्रभित्र निर्माणमुखी कच्चा पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र माटो) लगायत प्राकृतिक स्रोत ढुवानी गर्ने सवारी साधनबाट</td></tr>
</table>

भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | बन्दोबस्त गर्ने सम्बन्धमा । | शुल्क/दस्तुर उठाउने सम्बन्धी बोलपत्र आह्वानको सूचना बमोजिम रीतपूर्वक दर्ता हुन आएका बोलपत्र मध्ये मूल्याङ्कन भएको काब्याश्री एग्रिगेट एण्ड स्याण्ड उद्योग, दक्षिणकाली न.पा.वडा नं.६ को बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट सिफारिस भएको र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम मिति २०७८/०३/३० को नागरिक राष्ट्रिय दैनिकमा आशयको सूचना प्रकाशित हुँदा ऐनको दफा ४७ अनुसार कुनै पनि निवेदन नगरेको हुँदा ऐनको दफा २७(१) अनुसार काब्याश्री एग्रिगेट एण्ड स्याण्ड उद्योग, दक्षिणकाली न.पा.वडा नं.६ को अधिकतम कबोल अंक भ्याट बाहेक रु.२ करोड ६५ लाख भएको बोलपत्र स्वीकृत भएको हुदाँ उक्त बोलपत्रदाताद्वारा कबोल अंकको मू.अ.कर आन्तरिक राजश्व कार्यालयमा जम्मा गर्ने र बोलपत्रको शर्त नं.१० अनुसार कबोल गरेको अंकको २५ प्रतिशत रकम नगदै र बाँकी ७५ प्रतिशत रकमको हकमा यस नगरपालिकाको पक्षमा जारी भएको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त "क" वर्गको प्राईम कमर्सियल बैङ्क लि. को २०७९/०५/३० गते सम्म अवधि रहेको कार्यसम्पादन जमानत (Performance Bond) पेश गरेको हुदाँ बाँकी रकम तिन किस्तामा बुझाउने गरी दक्षिणकाली नगरपालिका आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७८ को दफा ५ (५) बमोजिम काब्याश्री एग्रिगेट एण्ड स्याण्ड उद्योग, दक्षिणकाली न.पा.वडा नं.६ सँग सम्झौता गर्ने । |
| ७. | नगर दररेट स्वीकृत सम्बन्धमा । | • यस नगरपालिकाको आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागी निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट जिल्ला प्रशासन कार्यालय, काठमाडौंले मिति २०७८/०३/२९ गते स्वीकृत गरेको ज्यालादर तथा निर्माण सामग्रीको जिल्ला दररेटलाई नै कायम गर्ने । |
| ८. | कर्मचारीहरुको म्याद थप सम्बन्धमा । | • यस नगरपालिका अन्तर्गत विगत देखी निरन्तर कार्यरत करार सेवाका कर्मचारीहरुलाई सातौं नगर सभाले निरन्तरता दिने भन्ने नीतिगत निर्णय भए बमोजिम चालु आ.ब.२०७८/०७९ सम्मका लागी नगर प्रमुखद्वारा म्याद थप गरिएकोलाई अनुमोदन गर्ने । |
| ९. | आयोजनाको रकम भुक्तानी सम्बन्धमा । | • यस नगरपालिका वडा नं. ७ को कोपुगाउँ जाने सडक वर्षाको कारणले आवतजावत गर्न समस्या भएको हुदाँ मिति २०७८/०२/२० गते नगर प्रमुखस्तरिय निर्णयबाट हिलोमुक्त सडक शिर्षकबाट रु.१०,००,०००।- (दश लाख) विनियोजन भएकोमा हाल काम सम्पन्न भई प्राविधिक मुल्याङ्कन हुदाँ रु.८,८५,०००।- (आठ लाख पचासी हजार) मात्र प्राप्त भएको हुदाँ मुल्याङ्कन अनुसारको रकम भुक्तानी गर्ने । |
| १०. | नगर अस्पताल निर्माण सम्बन्धमा । | • यस नगरपालिकाद्वारा प्रस्तावित १५ शैयाको नगर अस्पतालको भवन हाल दक्षिणकाली क्षेत्र विकास समिति (साविक दक्षिणकाली क्षेत्र प्रबन्ध समिति) को क्षेत्रभित्र रहेको साविक फर्पिङ भिमसेनस्थान गा.वि.स. सिट नं.४ को कि.नं.४९९ र ५०२ को पूर्व पट्टि र ऐ.ऐ.सिट नं.२ को कि.नं.१५१, ३४९, ३४४, ३४३ र ३४५ को दक्षिण पट्टि रहेको क्षेत्रफल १५ रोपनी सार्वजनिक जग्गामा निर्माण गर्न सहमतिको लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा सिफारिस गर्ने । |
| ११. | विविध । | • यस नगरपालिका भित्र निर्माण हुने नयाँ भवनहरुको नक्शा पास गर्दा दश हजार वर्ग फिट भन्दा माथीको निर्माण कार्यको लागी निम्नानुसारको जुरी (निर्णायक समिति) बाट स्वीकृत भए पछि मात्र नक्शा पास गर्ने ।<br>संयोजक - नगर प्रमुख<br>सदस्य - नगर उपप्रमुख |

भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | सदस्य - प्रमुख प्रशासकीय अधिकृत<br>सदस्य - सम्बन्धीत वडाका अध्यक्ष<br>सदस्य - योजना शाखा प्रमुख<br>सदस्य - सम्बन्धित विषय विज्ञहरु<br>सदस्य सचिव - पूर्वाधार विकास शाखा प्रमुख |

भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत